नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५९५ मिति :- २०७०/२/१२

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त “क” बर्गका बैकहरू ।

विषय :- सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८ को सुन वितरण व्यबस्थामा संशोधन गरिएको सम्बन्धमा ।

महाशय,

सुन आयात तथा बिक्री व्यवस्था सम्बन्धमा यस विभागबाट मिति २०६८/१/५ मा जारी गरिएको “सुन आयात तथा बिक्री वितरण कार्यविधि, २०६८” इ.प्रा.परिपत्र संख्या ५५७ (इ.प्रा. परिपत्र संख्याः ५७४ द्वारा संशोधित) को बुंदा १०(क) मा भएको विद्यमान व्यबस्थालाई खारेज गरी देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

"आयात गरिएको सुन विक्री वितरण गर्न क्षेत्रगत रुपमा प्रतिशत छुट्टाइएकोले बिभिन्न सुन चाँदी व्यावसायीहरुलाई देहाय बमोजिम हुने गरी प्रतिशतमा कोटा निर्धारण गरिएको छ । बागमती अञ्चलमा कायम रहेको ६० प्रतिशतलाई १०० प्रतिशत मानि देहाय बमोजिम हुने गरी विक्री वितरण गर्ने व्यवस्था मिलाइएको छ ।

क) नेपाल सुन चाँदी व्यावसायी महासंघलाई ५० प्रतिशत ।
ख) नेपाल सुन चांदी रत्न तथा आभुषण महासंघलाई ४० प्रतिशत ।
ग) नेपाल हस्तकला महासंघलाई १० प्रतिशत ।

यस्तो क्षेत्रगत सीमा तथा विभिन्न सुन व्यवसायसंग सम्बद्ध संघ/संस्थालाई छुट्याउने सुनको प्रतिशत आवश्यकता अनुसार विभागले समय समयमा संशोधन/परिवर्तन गर्न सक्नेछ ।"

भवदीय,

(लिला प्रकाश सिटौला)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौं ।
५. श्री नेपाल सरकार, वाणिज्य मन्त्रालय, निर्यात प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय व्यापार शाखा, सिंहदरबार, काठमाण्डौं ।
६ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री बैंक सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री नेपाल सुन चाँदी व्यवसायी महासंघ, क्षेत्रपाटी, काठमाण्डौं ।
११. श्री नेपाल सुन चांदी रत्न तथा आभूषण महासंघ, गणबहाल, काठमाण्डौं ।
१२. श्री नेपाल हस्तकला महासंघ, थापाथली, काठमाण्डौं ।